निर्णयहरू:-

१. हेटौंडास्थित निजी अस्पतालहरूमध्ये एक अस्पताललाई कोभिड अस्पतालमा परिणत गरी कोभिड-१९ बाट संक्रमितहरूको उपचार गर्ने सम्बन्धमा उपयुक्त अस्पताल छनौट गर्न देहायबमोजिमको ४ सदस्यिय एक समिति गठन गर्ने । सो समितिले मिति २०७८-०१-२० गते बेलुका ५:०० बजेसम्म अस्पतालहरूको स्थलगत निरीक्षण गरी कोभिड अस्पतालकोरूपमा सञ्चालन गर्न सकिने उपयुक्त अस्पतालको नाम जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) मा सिफारिस गर्ने ।

देहाय:-

| | | |
|---|---|---|
| श्री प्रणय कुमार उपाध्याय | स्वास्थ्य कार्यालय, मकवानपुर | -संयोजक |
| अधिकृत प्रतिनिधि | जिल्ला प्रशासन कार्यालय, मकवानपुर | -सदस्य |
| अधिकृत प्रतिनिधि | जिल्ला प्रहरी कार्यालय, मकवानपुर | -सदस्य |
| प्रतिनिधि | निजी अस्पताल | -सदस्य |

२. श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा, सिंहदरबार, काठमाडौंको च.नं. ३१३७, मिति २०७८-०१-१९ को पत्रबाट ढुवानी सहजीकरण सम्बन्धमा लेखी आएको हुँदा ढुवानी प्रयोजनमा प्रयोग हुने सवारी साधनहरूलाई जिल्ला प्रहरी कार्यालय, मकवानपुरले आवश्यक सहजीकरण गर्ने ।

३. श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा, सिंहदरबार, काठमाडौंको च.नं. ३१३९, मिति २०७८-०१-१९ को पत्रसाथ संलग्न राष्ट्रिय महिला आयोगको पत्रबाट स्थानीय तहबाट सञ्चालित क्वारेन्टाइनलाई महिलामैत्री हुने गरी व्यवस्थापन तथा सञ्चालन गर्ने सम्बन्धमा लेखी आएको हुँदा स्थानीय तहबाट सञ्चालनमा ल्याइएका क्वारेन्टाइनहरूलाई महिला तथा अपाङ्गता मैत्री हुने गरी एवं महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट स्वीकृत "कोरोना भाइरस (कोभिड-१९) महामारीको अवधिमा आश्रयस्थल सञ्चालन सम्बन्धी मापदण्ड, २०७७" अनुसार व्यवस्थापन गर्न सबै स्थानीय तहहरूलाई अनुरोध गर्ने ।

२०७८।१।२०

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी